२९८

# राष्ट्रिय सूचना आयोग
## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

राष्ट्रिय सूचना आयोग २०६५

## आदेश

मु.नं. १४२/२०७१/०७२

काठमाडौं जिल्ला का.म.न.७, मैजुबहाल बस्ने राम प्रसाद दाहाल ..........................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, नापी कार्यालय चावहिल काठमाडौं...........................................१ विपक्षी

सूचना अधिकारी, नापी कार्यालय चावहिल काठमाडौं...........................................१

**विषय :- माग गरेको सूचना दिइएको देखिदाँ लगत कट्टा गर्नु ।**

काठमाडौं जिल्ला का.म.न.पा.७, मैजुबहाल बस्ने राम प्रसाद दाहालले कार्यालय प्रमुख, नापी कार्यालय चावहिल काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०८।२५ मा पुनरावेदन गरेको र यस आयोगबाट मिति २०७१।०९।२२ मा भएको आदेश कार्यान्वयनका लागि मिति २०७१।०९।२४, च.नं. ७५७/३६९ को पत्रबाट पठाईएकोमा नापी कार्यालय चावहिल, काठमाडौंको मिति २०७२।१०।०२, च.नं.१७३५ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई उपलब्ध गराईएको भनी यस आयोगलाई जानकारी गराई पुनरावेदकलाई बोधार्थ समेत दिईएको पत्रको आधारमा यस आयोगको मिति २०७१।१०।२२ को आदेशबाट प्रस्तुत पुनरावेदनको लगत कट्टा भएको देखिन्छ । सो पश्चात उक्त लगत कट्टाको आदेश चित्त नबुझी पुनरावेदकले नापी कार्यालयबाट प्रकाशित ७ (सात) दिने सूचनाको प्रतिलिपि उपलब्ध नगराईको भनी लगत कट्टाको आदेश पुनरावलोकन समेत गरी पाँउ भनी पुन: पुनरावेदन गरेको देखिन्छ । पुनरावेदकले पहिला पेश गरेको पुनरावेदनपत्रमा उल्लेखित सबै सूचनाहरु नापी कार्यालयले निजलाई उपलब्ध गराएको र नापी कार्यालयबाट प्रकाशित ७ (सात) दिने सूचना सो कार्यालयका सूचना अधिकारी तथा कार्यालय प्रमुख समक्ष माग नगरेको र पहिला पेश गरेको पुनरावेदनपत्रमा समेत उल्लेख नगरेको देखिदां उक्त सूचना आवश्यक भए सम्बन्धित कार्यालयका सूचना अधिकारी तथा कार्यालय प्रमुख समक्ष माग गरी उपलब्ध नगराएको अवस्थामा पुनरावेदकले यस आयोगमा पुनरावेदन गरेमा सोही बखत कारवाही प्रक्रिया अगाडि बढाईने नै हुँदा यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल जेठ २८ गते रोज ५ शुभंम् ।